राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मितिः २०८२/०९/०७ गते

विषयः कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।
प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८२/०९/०४ गते

प्रस्तावहरुः

१. गाउँसभा आह्वान सम्बन्धमा ।
२. विपद् व्यवस्थापन कार्यको भुक्तानी सम्बन्धमा।
३. विविध।

निर्णय हुनु पर्ने व्यहोराः

१. राजपुर गाउँपालिकाको आ.व. २०८२/०८३ को आठौं गाउँसभा (हिउदे अधिवेशन २०८२) मिति २०८२ साल पुस १८ गते विहान ११:०० बजे आह्वान गर्नु पर्ने।
२. राजपुर गाउँपालिकाको विभिन्न स्थानहरुमा वर्षातको कारण पहिरोले बाटो पुरेर अवरोध भएको, केही स्थानमा बाटो बगाएको र केही स्थानमा बाटो खाल्डाखुल्डी भइ दुर्घटनाको जोखिम हुनुका साथै आवतजावतमा समेत समस्या भएकाले उक्त बाटोहरु सफाई तथा मर्मत कार्यको खर्च भुक्तानीको सम्बन्धमा सम्बन्धित वडाबाट प्राप्त किटानी सिफारिसका साथै प्राविधिक मुल्याङ्कनको आधारमा भुक्तानी दिनु पर्ने।
३. अन्य निर्णयहरु

निर्णयहरुः

१. राजपुर गाउँपालिकाको आ.व. २०८२/०८३ को आठौं गाउँसभा (हिउदे अधिवेशन २०८२) मिति २०८२ साल पुस १८ गते विहान ११:०० बजे आह्वान गर्ने।
२. राजपुर गाउँपालिकाको विभिन्न स्थानहरुमा वर्षातको कारण पहिरोले बाटो पुरेर अवरोध भएको, केही स्थानमा बाटो बगाएको र केही स्थानमा बाटो खाल्डाखुल्डी भइ दुर्घटनाको जोखिम हुनुका साथै आवतजावतमा समेत समस्या भएकाले उक्त बाटोहरु सफाई तथा मर्मत कार्यको खर्च भुक्तानीको सम्बन्धमा अर्को कार्यपालिका बैठकमा थप निर्णय गर्ने।

३. विविध

क) सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन मार्गदर्शन २०८१ को दफा २४ अनुसार लक्षित समुहलाई वित्तिय साक्षरता कक्षा तथा तालिम संचालनका लागि वडा नं. १ र ७ छनोट गर्ने ।

ख) राजपुर गाउँपालिका अन्तरगत राजपुर स्वास्थ्य चौकीमा सञ्चालित एम्बुलेन्स मर्मत गरे वापत पेश गरिएको मर्मत सम्पन्न फाराम, भुक्तानी कारोबार सिफारिस र बिजकको आधारमा तपसिल अनुसार फर्म/कम्पनीलाई एम्बुलेन्स संचालन तथा व्यवस्थापन खर्च शिर्षकबाट भुक्तानी दिने ।

| क्र.स. | फर्मको नाम | खर्च रकम | कै. |
|---|---|---|---|
| १ | दर्शन ट्रेडर्स, लमही-५, दाङ | १८,५००/- | |
| २ | शीव अटो मेन्टिनेन्स, घोराही-१४, दाङ | ३३,६१७.५०/- | |
| ३ | गोमा लक्ष्मी अटो सेन्टर, बुटवल-२, रुपन्देही | ९,२०९.५०/- | |
| ४ | सुशिल मोटर वर्कसप, लमही, दाङ | १०,५७५/- | |
| ५ | सुशिल मोटर वर्कसप, लमही, दाङ | ३०,०००/- | |
| ६ | फ्रेन्डस इन्जिनियरिङ वर्कसप, घोराही-१४, दाङ | १,२५,६०८/- | |
| | जम्मा | २,२७,५१०/- | |